# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

(सूचना सञ्चार प्रविधि तथा प्रकाशन शाखा)

## प्रदेश निजामती सेवा अन्तर्गत विभिन्न सेवा समूहका प्राविधिक तथा अप्राविधिक तर्फ सहायकस्तर पाचौं तहका पदहरुको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. २२६/२०८०-८१, मिति २०८०/१२/०५ गते सोमबार**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने प्रदेश निजामती सेवा अन्तर्गत सहायकस्तर पाँचौ तहका देहायका प्राविधिक र अप्राविधिक पदहरु प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) को दफा ३१ बमोजिम सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८१/०१/०९ गते सम्ममा **प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरमा** दरखास्त दिनुहुन सूचना गरिन्छ। सम्बन्धित सेवा समूह वा उपसमूहको एक तह मुनिको पदको कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट psc.koshi.gov.np बाट डाउनलोड गर्न सकिने छ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र दरखास्त बुझाई सक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

यसरी पर्न आएका दरखास्तहरुलाई आयोगले बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने व्यवस्था गर्नेछ।

उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनु पर्ने विषयहरुः

१. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ।

२. प्रदेश निजामती सेवा ऐन, २०७९ को ३१ र ऐनको दफा ४१ बमोजिम बढुवाको लागि बढुवा हुने पदको तह भन्दा एक तह मूनिको पदको लागि तोकिए बमोजिमको योग्यता र न्यूनतम सेवा अवधि, भौगोलिक क्षेत्रमा कार्य गरेको अनुभव तथा सेवाकालीन तालिम प्राप्त गरेको हुनु पर्नेछ।

३. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना वा प्रदेश कितावखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

५. दरखास्त साथ बढुवा हुने पदभन्दा एक तह मूनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ।

६. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।

७. दरखास्त दस्तुर रु. ७००।— (रु सात सय मात्र) बुझाउनु पर्नेछ।

दरखास्त दस्तुर बुझाउने स्थानः-
राष्ट्रिय वाणिज्य बैंक, खाता नं. १०००१००२०१०१०००१ वा
नेपाल बैंक लिमिटेड, खाता नं. २७००२०००००१००१००००००१ वा
कृषि विकास बैंक, खाता नं. ०६०१६०१६१३०३६०१७
कार्यालय कोडः २१०००१३०११ (प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर)
राजश्व शीर्षक नं. १४२२४ (परीक्षा शुल्क) मा दरखास्त दस्तुर बुझाएको सक्कल राजश्वको बैंक भौचर प्रति संलग्न गर्नु पर्नेछ।

**विवरण**

**क) प्राविधिकतर्फः**

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | १/२०८०-८१ | सब-इञ्जिनियर | ५ | प्रदेश इञ्जिनियरिङ, सिभिल, जनरल | ३ |
| २ | २/२०८०-८१ | सब इञ्जिनियर | ५ | प्रदेश इञ्जिनियरिङ, सिभिल, वि.एण्ड आ. | २ |

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| ३ | ३/२०८०-८१ | ल्याब टेक्निसियन | ५ | प्रदेश इञ्जिनियरिङ, सिभिल, जनरल | १ |
| ४ | ४/२०८०-८१ | सब-इञ्जिनियर | ५ | प्रदेश इञ्जिनियरिङ, सिभिल, स्यानिटरी | २ |
| ५ | ५/२०८०-८१ | सब-इञ्जिनियर | ५ | प्रदेश इञ्जिनियरिङ, सिभिल, इरिगेसन | १ |
| ६ | ६/२०८०-८१ | खा.पा.स.टे. | ५ | प्रदेश इञ्जिनियरिङ, सिभिल, स्यानिटरी | ३ |
| ७ | ७/२०८०-८१ | प्राविधिक सहायक | ५ | प्रदेश कृषि, कृषि प्रसार | १ |
| ८ | ८/२०८०-८१ | पब्लिक हेल्थ नर्स | ५ | प्रदेश स्वास्थ्य, कम्यूनिटी नर्सिङ | १ |

**ख) अप्राविधिकतर्फः**

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | ९/२०८०-८१ | सहायक | ५ | प्रदेश प्रशासन, सामान्य प्रशासन | ३ |